# प्रश्नोत्तरः संसदीय निगरानीको एक महत्वपूर्ण औजार



ध्रुवप्रसाद घिमिरे[*]

**सारांश**

संघीय संसदका कुनै पनि सदस्यले सभाको बैठकको प्रश्नोत्तरका लागि निर्धारित समयमा खास गरी सरकारका मन्त्रीसँग निजको जिम्मेवारी भित्रको सार्वजनिक महत्वका विषयमा प्रश्न सोध्न सक्दछन् । सरकारका मन्त्रीले यसरी सोधिएका प्रश्नको जवाफ निर्धारित समयभित्रै दिनुपर्दछ । सरकारका कामकारवाहीहरूको समुचित निगरानी गरी कार्यकारिणीलाई जनप्रतिनिधिमूलक संसदप्रति जवाफदेही बनाउने कार्यमा प्रयुक्त हुने विभिन्न उपकरणहरू मध्ये संसदीय प्रश्न महत्वपूर्ण अस्त्र हो । सरकारका कामकारवाहीका बारेमा जानकारी माग्नु, सार्वजनिक महत्वको कुनै कार्य गर्नका लागि सरकारलाई दबाव दिनु तथा जनसरोकार र चासोका विषयमा सरकारको ध्यानाकर्षण गर्नु प्रश्नोत्तर कार्यक्रमको प्रमुख उद्देश्य हो । हालका दिनमा प्रश्नोत्तर कार्यक्रमको प्रभावकारिता र गरिमामा कमी आएको देखिन्छ । संघीय संसदको गठनपश्चात् सम्पन्न चारवटा अधिवेशनमा दर्ता भएका प्रश्न संख्याले यसको गिर्दो साखतर्फ इंगित गर्दछन् । खासगरी संसद सदस्यको कामकारवाहीको मूल्याङ्कन गर्दा संसदीय प्रक्रियामा खेलेको भूमिकाभन्दा पनि विकास निर्माणका कार्यमा निर्वाह गरेको सक्रियताले वढता महत्व पाउने गरेकाले प्रस्ताव, प्रश्नोत्तर जस्ता संसदीय औजारमा सांसदहरूको चाख र रूची घट्दै गएको देखिन्छ । यसै तथ्यलाई मनन गरी प्रस्तुत लेखमा संसदीय प्रश्नको अर्थ, परिभाषा, प्रकार, महत्व, प्रश्नोत्तर कार्यविधि, संसदीय प्रश्नोत्तर सम्बन्धी केही मुलुकहरूको दृष्टान्त, प्रश्नोत्तरको प्रभावकारितामा देखिएका समस्या र त्यस्ता समस्या समाधान गर्ने केही उपायहरूका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

## पृष्ठभूमि

संसदीय व्यवस्था अवलम्बन गरेका मुलुकमा कार्यपालिकाको गठन संसदबाट हुने गर्दछ भने अध्यक्षात्मक शासन पद्धति भएका देशमा सरकारको निर्माणमा संसदको कुनै भूमिका रहेको देखिंदैन । सरकार निर्माणमा संसदको भूमिका रहे पनि वा नरहे पनि सरकारका कामकारवाहीहरूको

[*] सचिव, संघीय संसद सचिवालय

संसदले कुनै न कुनै तरिकाले निगरानी गर्ने विश्वव्यापी प्रचलन रहेको पाइन्छ । कार्यपालिका अर्थात् सरकार सदैव संसदप्रति जवाफदेही र उत्तरदायी रहनुपर्दछ । नेपालको संविधानको धारा ६७ को उपधारा (१०) मा यही तथ्यलाई मध्यनजर गरेर नै प्रधानमन्त्री र मन्त्री सामूहिक रूपमा संघीय संसदप्रति उत्तरदायी हुने र मन्त्री आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगतरूपमा प्रधानमन्त्री र संघीय संसदप्रति उत्तरदायी हुने संवैधानिक व्यवस्था गरिएको हो । सरकारलाई संसदप्रति जवाफदेही र उत्तरदायी बनाइराख्न संसदले विभिन्न खालका संसदीय औजारहरूको प्रयोग गर्ने गरेको पाइन्छ । ती मध्ये संसदीय प्रश्नोत्तर एउटा प्रभावकारी र भरपर्दो हतियारको रूपमा विकसित भएको छ ।

सन् १५६० तिर Sir Thomas Smyth ले सभाको सर्वस्वीकार्य नियमहरू लेख्न थालेका र सन् १५८३ मा यसलाई हाउस अफ कमन्सको प्रयोगका लागि पुस्तकको रूपमा प्रकाशित गरेका थिए । प्रश्नोत्तरको प्रारम्भ संयुक्त अधिराज्य बेलायतको West Minister System मा सन् १६१० बाट भएको देखिन्छ । त्यही भएर भारत, न्यूजील्याण्ड, अष्ट्रेलिया जस्ता कमनवेल्थ राष्ट्रहरूमा यसको अभ्यास अन्य राष्ट्रको तुलनामा धेरै अगाडिदेखि नै प्रारम्भ भएको भेटिन्छ ।

नेपालको सन्दर्भमा पहिलो जननिर्वाचित संसदको नियमावलीबाटै संसदीय प्रश्नोत्तरको प्रारम्भ भएको पाइन्छ । प्रतिनिधि सभा नियमावली, २०१६ को भाग-९ मा कुनै मन्त्रीको कार्यक्षेत्रभित्रको सार्वजनिक महत्वको विषय र गैरसरकारी सदस्यले पेश गरेको विधेयक वा प्रस्तावका विषयमा मौखिक र लिखित प्रश्न सोध्न सकिने, थप स्पष्टीकरणका लागि पूरक प्रश्न गर्न पाइने, उत्तरको प्रकाशन, प्रश्न टेबल गर्ने र जवाफबाट सन्तुष्ट नहुने सदस्यले थप व्याख्या र छलफलका लागि आधा घण्टाको छलफलका लागि प्रस्ताव पेश गर्न सक्ने जस्ता कार्यविधिका बारेमा व्यवस्था गरिएको देखिन्छ । त्यसपछि २०१७ सालमा बहुदलीय लोकतान्त्रिक प्रणालीको घाँटी निमोठेर वलात् लादिएको एकदलीय पञ्चायती शासन व्यवस्थाको तथाकथित व्यवस्थापिकीय अङ्ग राष्ट्रिय पञ्चायत नियमावलीहरूमा पनि प्रश्नोत्तरका सम्बन्धमा त्यस्तै खाले प्रावधान रहेको भेटिन्छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार गठित संसदका नियमावलीहरूले संसदीय प्रश्नोत्तरका सन्दर्भमा गरिएको व्यवस्थामा पनि विगतकै व्यवस्थालाई निरन्तरता दिएको पाइन्छ । संसद विघटन गरी तत्कालीन राजाले प्रत्यक्ष शासन लागू गर्नु अघिसम्म प्रश्नोत्तरको सो व्यवस्थाले निरन्तरता पाएको भेटिन्छ । वि.सं. २०६३ सालको दोस्रो जनआन्दोलनको सफलतापश्चात् निर्मित संविधान सभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०७० र व्यवस्थापिका-संसद नियमावली, २०७३ ले विगतका प्रश्नोत्तर सम्बन्धी कार्यविधिमा आमूल परिवर्तन गर्दै जरूरी सार्वजनिक महत्वको प्रश्न र समसामयिक विषयको प्रश्न सम्बन्धी प्रावधान भित्राएका थिए । तर ती नियमावलीमा गरिएका प्रश्नोत्तर सम्बन्धी प्रावधान व्यवहारमा भने कार्यान्वयनमा आएका देखिएनन् । संविधान सभामार्फत वि.सं. २०७२ सालमा संघीयता र गणतन्त्र सहितको संविधान निर्माण भई जारी भएपछि गठित संघीय संसदको प्रतिनिधि सभा नियमावली, २०७५ र राष्ट्रिय सभा नियमावली, २०७५ को परिच्छेद ८ मा नेपाल सरकारको उत्तरदायित्वभित्रको सार्वजनिक महत्वको कुनै पनि विषयमा प्रतिनिधि

सभा र राष्ट्रिय सभामा प्रश्न सोधन सकिने तथा सम्बन्धित मन्त्रीले त्यसको जवाफ दिनुपर्ने कानूनी व्यवस्था गरिएको छ । साथै संघीय संसदको हालसम्म सम्पन्न अधिवेशनहरूमा प्रश्नोत्तर सम्बन्धी यस्तो व्यवस्था कार्यान्वयनमा समेत आइसकेको अवस्था छ ।

## अर्थ र परिभाषा

सामान्यतः प्रश्न शब्दले विवाद वा छलफलको कुनै विषय समाधान गरिनुपर्ने कुनै समस्या, अनुसन्धान वा जाँचबुझको खास विषय वा अनिश्चितताको कुनै विषयलाई संकेत गर्दछ । कुनै वस्तु वा विषयको जानकारी प्राप्त गर्ने हेतुले कसैलाई सम्बोधन गरी प्रयोग गरिने जिज्ञासासूचक वाक्यले पनि प्रश्नलाई बुझाउँदछ ।

संसदीय प्रश्नले सामान्य प्रश्नले भन्दा अलि बेग्लै खालको अर्थ बोक्दछ । संघीय संसदको कुनै सदस्यले बैठकको प्रश्नोत्तर समयमा सरकारको मन्त्री वा कुनै विधेयक वा प्रस्तावका प्रस्तुतकर्ता सदस्यसँग निजको जिम्मेवारीभित्रको सार्वजनिक महत्वको विषय वा निजले पेश गरेको कुनै विधेयक वा प्रस्तावका विषयमा संविधान र संघीय संसदको कार्यसञ्चालन नियमावली बमोजिम सोधिने प्रश्नलाई संसदीय प्रश्न भन्न सकिन्छ । संसदीय प्रश्न सरकारका क्रियाकलापहरूको समुचित निगरानी गरी सरकारलाई संसद र संसद मार्फत सार्वभौम जनताप्रति जवाफदेही बनाउने एउटा महत्वपूर्ण औजारको रूपमा प्रयोग हुने गरेको देखिन्छ ।

## संसदीय प्रश्नको उद्देश्य र कार्य

कानून निर्माण गर्नु, सरकारको वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्नु, सरकारका कामकारवाहीको समुचित निगरानी गर्नु र जनताको प्रतिनिधित्व गर्दै सरकारलाई संसदप्रति जवाफदेही बनाउनु संसदका प्रमुख कार्य मानिन्छन् । सरकारलाई संसदप्रति उत्तरदायी बनाउन संसदमा शून्य समय, विशेष समय, जरूरी सार्वजनिक महत्वको प्रस्ताव, ध्यानाकर्षण र संकल्प जस्ता विभिन्न प्रस्तावहरू, संसदीय सुनुवाइ र प्रश्नोत्तर जस्ता विभिन्न औजारहरू प्रयोग गरिन्छन् । यी मध्ये प्रश्नोत्तर सबैभन्दा बढी लोकप्रिय र प्रभावकारी संसदीय अस्त्रको रूपमा विकसित हुँदै आएको देखिन्छ । सरकारलाई संसदप्रति जवाफदेही र उत्तरदायी बनाउनु संसदीय प्रश्नोत्तरको मूल उद्देश्य हो । यसका लागि संसदीय प्रश्नोत्तरले देहाय अनुसारका कार्य गर्दछः

**१. जानकारी माग्नुः** सार्वभौमसत्ता सम्पन्न जनताको प्रतिनिधित्व गर्दै सरकारको क्षेत्राधिकारभित्रका सार्वजनिक महत्वका विषयमा जानकारी माग्नु संसदीय प्रश्नको मुख्य उद्देश्य हो । यसरी सोधिएका प्रश्नको जवाफमा मन्त्रीहरूले सरकारका क्रियाकलापहरूका बारेमा संसद मार्फत जनतालाई जानकारी दिनुपर्दछ ।

**२. कुनै कार्यका लागि दबाव दिनुः** सरकारको प्राथमिकताभित्र नपरेको वा सरकारको ध्यान नपुगेको तर देश र जनताका लागि महत्वपूर्ण कुनै कार्य गर्नका लागि संसदका सदस्यहरूले विभिन्न प्रश्न सोधेर

सरकारलाई दबाव दिन्छन् । सरकारका मन्त्रीहरूले सभामा उपस्थित भई सोधिएका प्रश्नको जवाफ मात्र दिंदैनन्, त्यस्ता कार्य गर्ने प्रतिबद्धता पनि जाहेर गर्दछन् । यसबाट सरकारको ध्यान नपुगेको कार्यमा सरकारको ध्यानाकर्षण हुन पुग्दछ ।

**३. गैरसरकारी सदस्यलाई जिम्मेबार र जवाफदेही बनाउनुः** गैरसरकारी सदस्यहरूलाई पनि निजले पेश गरेको विधेयक वा प्रस्ताव जस्ता विषयमा अन्य सदस्यहरूले प्रश्न सोध्न पाउने व्यवस्था विद्यमान नियमावलीले गरेको छ । यसले गर्दा विधेयक वा प्रस्तावका प्रस्तुतकर्ता सदस्य पनि आफूले पेश गरेका यस्ता विषयमा सभा मार्फत सर्वाभौम जनताप्रति उत्तरदायी हुनुपर्दछ ।

**संसदीय प्रश्नका प्रकार**

प्रतिनिधि सभा नियमावली, २०७५ तथा राष्ट्रिय सभा नियमावली, २०७५ को परिच्छेद-८ ले निम्नानुसारका प्रश्नहरूको व्यवस्था गरेको छः

**१. मौखिक प्रश्नः** मौखिक उत्तर प्राप्त गर्ने गरी सोधिएको प्रश्नलाई मौखिक प्रश्न भनिन्छ । भारतमा मौखिक उत्तर प्राप्त हुने गरी सोधिएका प्रश्नलाई तारा अंकित (Starred) प्रश्न भनिन्छ । यसैगरी न्यूजील्याण्ड, क्यानडा र संयुक्त अधिराज्यमा मौखिक (Oral) प्रश्न भनिन्छ ।

**२. लिखित प्रश्नः** लिखित उत्तर प्राप्त हुने गरी सोधिने प्रश्नलाई लिखित प्रश्न भनिन्छ । भारतमा यसलाई तारा अंकित नभएको (Unstarred) प्रश्न भनिन्छ । न्यूजील्याण्ड, क्यानडा र संयुक्त अधिराज्यमा लिखित (Written) प्रश्न नै भनिन्छ ।

**३. प्रस्ताव वा विधेयक प्रस्तुतकर्ता सदस्यसँग सोधिने प्रश्नः** दुवै सभाका विद्यमान नियमावलीको नियम ४७ मा मन्त्री बाहेक प्रस्ताव वा विधेयक प्रस्तुतकर्ता अन्य कुनै सदस्यसँग निजको विधेयक, प्रस्ताव वा बैठकको कार्यसँग सम्बन्धित निजको उत्तरदायित्वभित्रको विषयमा प्रश्न सोध्न सकिने व्यवस्था गरिएको छ । यस्तो प्रश्न सोधिने सम्बन्धमा मन्त्रीसँग सोधिने प्रश्नका सम्बन्धमा निर्धारित कार्याविधि नै आवश्यकतानुसार लागू गर्न सकिने प्रावधान रहेको छ ।

**४. प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरः** प्रतिनिधि सभा नियमावली, २०७५ को परिच्छेद-९ मा प्रधानमन्त्री वा निजको कार्यक्षेत्रभित्र रहेका मन्त्रालयसँग सम्बन्धित विषयमा प्रत्यक्ष प्रश्न सोध्न सकिने व्यवस्था गरिएको छ । नेपालको संसदीय इतिहासमै पहिलो पटक यस्तो खाले प्रश्नोत्तरको व्यवस्था गरिएको हो । यसका लागि सभामुखले प्रत्येक महिनाको पहिलो र तेस्रो हप्तामा बस्ने पहिलो बैठकको एक घण्टा तोक्न सक्दछन् । यसरी निर्धारित समयमा सभामुखले प्रश्नकर्ताको नाम बोलाउने, नाम बोलाइएको सदस्यले आफ्नो स्थानमा उभिएर प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्न गर्ने र प्रधानमन्त्रीले तत्काल जवाफ दिनुपर्ने व्यवस्था छ । प्रधानमन्त्रीको अनुपस्थितिमा निजले तोकेको अर्को मन्त्रीले यसरी सोधिएका प्रश्नको जवाफ दिन सक्दछन् । यस्तो प्रश्नोत्तर कार्यक्रममा बढीमा दश सदस्यले प्रश्न सोध्न पाउँछन् । यसरी प्रश्न सोध्न चाहने सदस्यले बैठक प्रारम्भ हुनु एक घण्टा अगावै त्यसको जानकारी सभामुखलाई दिनुपर्दछ ।

**प्रश्नोत्तर सम्बन्धी कार्यविधि**

प्रतिनिधि सभा नियमावली, २०७५ र राष्ट्रिय सभा नियमावली, २०७५ को परिच्छेद-८ मा प्रश्नोत्तरका विषयमा कार्यविधिगत व्यवस्था गरिएको छ ।

**क. प्रश्न दर्ता**

प्रश्न सोध्न चाहने सदस्ले सोध्न खोजेको प्रश्न र सम्बन्धित मन्त्रीको व्यहोरा उल्लेख गरी सम्बन्धित सभाका सचिवलाई सूचना दिनुपर्दछ । सम्बन्धित सभाका सचिवले यस्तो सूचना प्राप्त गरिसकेपछि संघीय संसद सचिवालयको प्रश्न व्यवस्थापन शाखामा पठाउनु पर्दछ । सो शाखाले माननीय सदस्यहरूको प्रश्न दर्ता गर्ने, जवाफका लागि सम्बन्धित मन्त्रालयमा पठाउने लगायतका प्रश्न व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्दछ । दर्ता गर्दा मौखिक र लिखित प्रश्नहरूलाई अलगअलग दर्ता गर्नुपर्दछ । एउटै विषयमा एक भन्दा बढी सदस्यले प्रश्नको सूचना दिएमा दर्ताक्रमानुसार पहिले दर्ता भएको प्रश्न कायम रहन्छ । कुनै अभिलेख, तथ्यांक वा विस्तृत विवरण उल्लेख गरी जवाफ दिनुपर्ने खालका प्रश्न लिखित प्रश्नका रूपमा सोध्नुपर्ने प्रावधान छ ।

**ख. प्रश्न सम्बन्धी शर्त**

अस्पष्ट, धेरै लामो, तथ्यहीन, निरर्थक वा महत्वहीन, कसैको नाम वा वक्तव्य रहेको, सुझाव सङ्केत गर्ने वा खास दृष्टिकोणको प्रचार गर्ने, राय मागिएको, मिथ्या अभिव्यक्ति, कोरा तर्क, आधारहीन अनुमान, आरोप, आक्षेप, आपत्तिजनक, अनुमानित समस्याको समाधान माग गरिएको, कुनै समिति समक्ष विचाराधीन रहेको वा समितिले पेश गरिसकेको प्रतिवेदन र कुनै अन्य साधनबाट सहजै ज्ञात हुन सक्ने जस्ता विषयमा प्रश्न सोध्न नसकिने गरी प्रतिनिधि सभा नियमावली, २०७५ र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ४८ मा प्रश्न सम्बन्धी शर्तको प्रावधान राखिएको छ।

**ग. प्रश्न गर्न नपाइने विषय**

संविधान वा कुनै प्रचलित कानूनबाट प्रकाशन निषेध गरिएको, प्रकाशन गर्दा राष्ट्रिय हित विपरीत हुन जाने मन्त्रिपरिषद्को कुनै निर्णय, सदनको वा सदनको निर्णयको आलोचना गरिएको, छलफलद्वारा स्पष्ट भइसकेको, प्रचारको लागि कुनै व्यक्तिको नाम आदि भएको, न्यायिक वा अर्धन्यायिक निकाय वा अधिकारी वा जाँचबुझ गरी सुझाव वा प्रतिवेदन पेश गर्न गठित आयोग वा समितिमा विचाराधीन रहेको, सैद्धान्तिक, कानूनको व्याख्या सम्बन्धी, गैरसरकारी व्यक्तिको कुनै वक्तव्य, कुनै व्यक्तिको सरकारी वा सार्वजनिक हैसियत बाहेक अरू व्यक्तिगत हैसियतबाट गरेको कामकुरा सम्बन्धी आचरणको विषय र एकपटक अस्वीकृत भइसकेको वा उत्तर दिन अस्वीकार गरिएको जस्ता विषयमा प्रश्न गर्न नपाइने प्रावधान प्रतिनिधि सभा नियमावली, २०७५ र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ४९ मा रहेको छ ।

भारतको लोकसभामा अदालतमा विचारधीन विषय, पहिले नै जानकारी भइसकेका, आपत्तिजनक भनाइ र शब्द रहेका मित्रराष्ट्र विरूद्ध अशिष्ट भाषा प्रयोग भएका र १५० भन्दा बढी

शब्द प्रयोग भएका प्रश्न स्वीकार्य हुँदैनन् । बेलायत र क्यानडामा पनि सर्वस्वीकार्य प्रथा वा स्थापित नियमका आधारमा सभामुखले प्रश्न अस्वीकृत गर्न सक्दछन् । जस्तैः नियममा संहिताबद्ध नभए तापनि कुनै अदालतमा विचाराधीन विषयमा सोधिएको प्रश्न स्वीकार्य हुँदैन।

**घ. प्रश्न स्वीकृति**

दर्ता भएका प्रश्नहरूलाई संविधान र विद्यमान नियमावली अनुसार स्वीकारयोग्य छन्, छैनन् प्रारम्भिक जाँच गरी सम्पादन गर्ने कार्य प्रश्न व्यवस्थापन शाखाले गर्दछ । यसरी सम्पादन गर्दा प्रश्नकर्ताले सोध्न खोजेको विषय र भावना नबिग्रने तरिकाले सम्पादन गर्नुपर्दछ । त्यसपछि सम्बन्धित सभाका सचिव हुँदै स्वीकृतिका लागि पेश गरिन्छ । कानूनतः कुनै पनि प्रश्न स्वीकृत वा अस्वीकृत गर्ने अधिकार सभामुख वा अध्यक्षलाई भएतापनि व्यवहारमा सो अधिकार उपसभामुख वा उपाध्यक्षलाई प्रत्यायोजन गर्ने अभ्यास चल्दै आएको पाइन्छ ।

**ङ. प्रश्नको जवाफ**

स्वीकृत प्रश्नहरू जवाफका लागि सम्बन्धित मन्त्रालयमा पठाइन्छ । सोधिएका प्रश्नहरूको बढीमा १० दिनभित्र उत्तर दिने गरी सभामुख वा अध्यक्षले समय व्यवस्थापन गर्नुपर्दछ । मौखिक प्रश्नको हकमा सम्बन्धित मन्त्री सभामा उपस्थित भई मौखिक रूपमा र लिखित प्रश्नको लिखित रूपमै जवाफ दिने प्रबन्ध मिलाउनुपर्दछ ।

**च. बार निर्धारण**

सभामुख वा अध्यक्षबाट कार्य व्यवस्था परामर्श समितिको परामर्शमा कुन मन्त्रीले कुन दिनको बैठकमा जवाफ दिनुपर्ने हो किटान गरी बार निर्धारण हुन्छ । यसरी बार निर्धारण गर्दा मन्त्रीहरूको वरिष्ठता क्रमानुसार आइतबार देखि शुक्रबारसम्मका दिनहरू तोकिन्छन् ।

**छ. प्रश्नको सूची**

प्रतिनिधि सभामा एक दिनमा बढीमा २० वटा मौखिक प्रश्न, बढीमा १५० लिखित प्रश्न र एक सदस्यको बढीमा दुईवटा मौखिक प्रश्न सूचीमा समावेश गर्न सकिन्छ । यसैगरी राष्ट्रिय सभामा एक दिनमा बढीमा १० वटा मौखिक प्रश्न, ५० वटा लिखित प्रश्न र एकजना सदस्यको बढीमा दुईवटा प्रश्न सूचीमा समावेश गर्न सकिन्छ ।

**ज. प्रश्नोत्तर विधि**

शून्य र विशेष समय पछिको बैठकको पहिलो घण्टा प्रश्नोत्तर समयका लागि निर्धारण गरिन्छ । प्रश्नोत्तर समय प्रारम्भ भएपछि सभामुख वा अध्यक्षले प्रश्नको सूचीको क्रमानुसार नाम बोलाएपछि प्रश्नकर्ता सदस्य आफ्नो स्थानमा उभिएर आफ्नो प्रश्न उच्चारण गर्दछन् । सम्बन्धित मन्त्रीले जवाफ दिइसकेपछि प्रश्नकर्ता सदस्यलाई मूल प्रश्नले उठाएको विषयको परिधि भित्र रही थप स्पष्टीकरण माग गन पूरक प्रश्न सोध्ने समय प्राप्त हुन्छ । जवाफ दिने मन्त्रीले सो विषयमा स्पष्ट पार्नुपर्दछ ।

समयाभावले प्रश्न सूचीमा रहेका मौखिक प्रश्नको जवाफ दिन नभ्याइएमा सम्बन्धित मन्त्रीले सो प्रश्नको उत्तर एक प्रति सभामा टेबल गर्न सक्दछन् । यसको प्रति सम्पूर्ण सदस्यहरूलाई उपलब्ध गराइन्छ । यसैगरी लिखित प्रश्नोत्तरको प्रति पनि सबै सदस्यलाई उपलब्ध गराउनु पर्दछ । अधिवेशन अन्त्य हुने दिन मन्त्रालयबाट जवाफ प्राप्त भएका तर सभामा प्रस्तुत गर्न नसकिएका मौखिक र लिखित प्रश्नहरूको जवाफ सहितको पुस्तिका तयार गरी सम्पूर्ण सदस्यहरूलाई वितरण गरिन्छ ।

### संसदीय प्रश्न सम्बन्धी केही अन्तर्राष्ट्रिय अभ्यास

**क्यानडा**

क्यानडामा प्रश्नोत्तर समयलाई "Question Hour" भनिन्छ, जसलाई १९६४ अप्रिलमा पहिलो पटक संसदको नियमावलीमा औपचारिक रूपले समावेश गरिएको थियो । प्रश्नोत्तर समय सोमबार देखि बिहीबार सम्म दिनको २:१५ बजे र शुक्रबार बिहान ११:१५ बजेदेखि शुरू हुन्छ र ४५ मिनेट चल्दछ । देशका प्रधानमन्त्री र मन्त्रीहरूलाई लक्षित गरेर प्रश्न सोधिन्छ र उहाँहरूले त्यसको जवाफ दिनुपर्दछ । सर्वस्वीकार्य प्रथा वा स्थापित नियमका आधारमा सभामुखले प्रश्न अस्वीकृत गर्न सक्दछन् । जस्तैः नियममा संहितावद्ध नभएतापनि कुनै अदालतमा विचाराधीन विषयमा सोधिएको प्रश्न स्वीकार्य हुँदैन ।

प्रश्नोत्तर समयमा आधिकारिक विपक्ष दलका नेतालाई Lead Question गर्ने समय दिइन्छ, जसले अरू २ वटा पूरक प्रश्न सोध्न पाउँछन् । अन्य विपक्षी दलका सदस्यले पनि एक Initial Question र एउटा पूरक प्रश्न सोध्न पाउँछन् । निर्धारित समय (३५ सेकेण्ड) भित्रै प्रश्न सोध्ने र उत्तर दिने कार्य गर्नुपर्दछ । प्रधानमन्त्रीको तर्फबाट कुनै मन्त्रीले र मन्त्रीको तर्फबाट कुनै संसदीय सचिवले पनि जवाफ दिन सक्ने व्यवस्था छ । प्रश्नोत्तर समयको लिखित विवरण आवश्यकतानुसार दुवै भाषामा अनुवाद गरी Canadian Hansard मा प्रकाशित गरिन्छ।

**संयुक्त अधिराज्य (बेलायत)**

कुनै मन्त्री वा प्रधानमन्त्रीसँग निजको क्षेत्राधिकार वा जिम्मेवारीभित्रको विषयमा House of Commons को सदस्य वा House of Lords को Lord ले मौखिक वा लिखित प्रश्न सोध्न सक्दछन् । कुनै विषयको सूचना माग्न वा कुनै कार्यका लागि दबाव दिन यसको प्रयोग हुने गरेको देखिन्छ ।

**तल्लो सभा (House of Commons)**

सोमबारदेखि बिहीबारसम्म बैठकको पहिलो घण्टा Question Time ले लिने गर्दछ । Rota (Order of Oral Question) अनुसार हरेक मन्त्रालय वा सरकारी विभागले जवाफ दिनुपर्दछ । प्रश्न सोध्न चाहने सदस्यले त्यसको सुचना Question Time को ३ दिन अगावै दिनुपर्दछ । सोधिने प्रश्नको क्रम "Shuffle" (कम्प्यूटरबाट randomly छनोट गर्ने कार्य) बाट निर्धारण गरिन्छ र Order paper मा छापिन्छ । सभामुखले नाम बोलाएपछि उसले प्रश्नको क्रमसंख्या

मात्र उच्चारण गरे पुग्छ । मन्त्रीले जवाफ दिइसकेपछि सदस्यले पूरक प्रश्न (supplementary Question) सोध्न सक्दछन् र यस्तो पूरक प्रश्न अन्य सदस्यले पनि सोध्न पाउँदछन् तर पूरक प्रश्न त्यही विषयमा केन्द्रित हुनुपर्दछ । जरूरी र महत्वपूर्ण विषयमा त्यस दिनको Question Time को अन्त्यमा सभामुखको स्वीकृति लिएर कुनै सदस्यले Urgent Question पनि सोध्न पाउने व्यवस्था रहेको देखिन्छ । मन्त्रीले विना कुनै पूर्वसूचना Urgent Question को जवाफ तत्काल सभामा आई दिनुपर्दछ ।

**Prime Minister's Time:** हरेक बुधबार १२:०० देखि १२:३० बजेसम्म प्रधानमन्त्रीले सदस्यले उठाएका प्रश्नको प्रत्यक्ष जवाफ दिनुपर्ने प्रावधान रहेको देखिन्छ । यस्तो सेसनको शुरूआत Open Initial Question बाट हुन्छ । त्यसपछि अन्य सदस्यले पूरक प्रश्न सोध्न सक्दछन् । प्रधानमन्त्रीको जवाफपछि सदस्यहरूले कुनै खास मुद्दा वा विषय उठान गर्न सक्दछन् । विपक्षी दलको नेताले जम्मा ६ वटा प्रश्न सोध्न पाउँछन् । कस्तो प्रश्न सोधिन्छ भन्ने प्रधानमन्त्रीलाई थाहा हुँदैन तर उनलाई सरकारी विभागहरूले सम्भावित प्रश्नका बारेमा राम्ररी brief गरेका हुन्छन् ।

**माथिल्लो सभा (House of Lords)**

बैठकको प्रारम्भमा ३० मिनेटसम्म Question Time चल्ने गरेको पाइन्छ । कुनै खास Government Department सँग नभई समग्र सरकारसँग मात्र प्रश्न गर्न पाइन्छ । तर एउटा Lord ले Private Notice Question सोध्न सक्दछन्, जसबाट उनीहरूलाई कुनै खास department सँग सम्बन्धित Topical Question सोध्ने अवसर प्राप्त हुन्छ । Lord Speaker ले Topical Question सोध्न स्वीकृति दिएमा मन्त्रीले Chamber मा उपस्थित भई विना कुनै पूर्वसूचना त्यस्तो प्रश्नको तत्काल जवाफ दिनुपर्दछ । यस्तो प्रश्न सोमबारदेखि बिहीबारसम्म मौखिक प्रश्नोत्तर पछि सोध्न सकिन्छ । प्रश्न Lords Order Paper मा छापिन्छ । Topical Question प्रश्न सोध्न खोजेको दिनको २ दिन अगाडि नै Table गरिसक्नु पर्दछ ।

**प्रश्नकर्ता कार्यक्रमको प्रभावकारितामा देखिएका समस्या र समाधानका उपाय**

संसद प्रतिनिधिमूलक थलो हो । यसैले राज्यका तीन अङ्ग मध्ये जनताले संसदलाई सबैभन्दा निकट ठान्दछन् । यसको अलावा संसदले जनतालाई सरकारसँग जोड्दछ । जनताका पिर मर्का, चाहना र भावना पोखेर संसदले सरकारको ध्यानाकर्षण गर्दछ । संसद त्यही थलो हो, जसले सरकारका कामकारवाहीहरूको सूक्ष्मरूपले निगरानी गर्दछ । देश र जनताका हित विरूद्ध उठ्ने कदमहरूलाई नियन्त्रण गरी जनहितको बाटोमा ल्याउने कार्य संसदकै जिम्मेवारीभित्र पर्दछ । सरकारका क्रियाकलापहरूको समुचित निगरानी गरी जनप्रतिनिधिमूलक संसदप्रति जवाफदेही तुल्याउन सभाले शून्य समय, विशेष समय, ध्यानाकर्षण, जरूरी सार्वजनिक महत्वको प्रस्ताव, संकल्प, अविश्वासको प्रस्ताव, महाभियोग र प्रश्नोत्तर जस्ता औजारहरू प्रयो गर्ने गर्दछ । यी औजार मध्ये संसारभर आज प्रश्नोत्तर कार्यक्रमको लोकप्रियता, प्रभावकारिता र व्यापकता चुलिंदै गएको देखिन्छ ।

नेपालको सन्दर्भमा भने प्रश्नोत्तर कार्यक्रमको लोकप्रियता र प्रभावककारिता बढ्नुको साटो खस्कँदै गएको पाइन्छ । संघीय संसदमा दर्ता भएका प्रश्नहरूको संख्याले प्रश्नोत्तरको प्रभावकारिताको पोल खोल्दछन् । २०४६ सालपछि गठन भएका संसदमा खास गरी प्रतिनिधि सभामा एक अधिवेशनमा २००० देखि २५०० सम्म प्रश्न दर्ता भएका अभिलेखहरू सचिवालयमा सुरक्षित छन् । तर संघीय संसद गठनपश्चात् सम्पन्न चारवटा अधिवेशनहरूमा मुस्किलले चारसय प्रश्न दर्ता भएको देखिन्छ । यसले प्रश्नोत्तर कार्यक्रमको महत्व गिर्दै गएको प्रष्ट पार्छ । प्रश्न मात्र नभइ संसदीय निगरानीमा प्रयोग हुने ध्यानाकर्षण, जरूरी सार्वजनिक महत्वको प्रस्ताव, संकल्प जस्ता अन्य औजारहरूमा पनि खिया लाग्दै गएको देखिन्छ । यसले संसदीय निगरानीको पाटो क्रमशः खस्कँदै गएको संकेत गर्दछ ।

संसदीय प्रश्नोत्तरको लोकप्रियता र प्रभावकारिता खस्कँदै जानुका पछाडि देहायका कारणहरू जिम्मेवार देखिएका छन्:

१. **सरकारको कमजोर प्रतिक्रिया दर:** संघीय संसदमा प्रश्न दर्ताको दर घट्दै गएको छ । तिनै न्यून प्रश्नको जवाफ दिने कार्यमा पनि सरकारले कन्जुस्याइ गरिरहेको देखिन्छ । जुन अनुपातमा प्रश्नको जवाफ दर गिर्दै जान्छ, सोही अनुपातमा प्रश्नप्रति सदस्यहरूको लगाव र मोह भंग हुँदै जान्छ । तसर्थ सम्बन्धित मन्त्रालयहरूले प्रश्नको जवाफ दिने कार्यलाई उच्च प्राथमिकतामा राख्न जरूरी छ । प्राप्त भएका जवाफ पनि झारा टार्ने प्रकृतिका देखिन्छन् । यस सन्दर्भमा सभाले पनि संसदीय प्रश्नलाई उच्च प्राथमिकतामा राखेर जवाफ दिई संसदप्रति जवाफदेही वहन गर्न सरकारलाई कडा निर्देशन दिनु जरूरी देखिन्छ ।

२. **सदस्यहरूबाट सम्पादन गर्ने क्रममा प्रश्नको मर्म, भावना र आशय बिगारी दिएको गुनासो:** प्रश्न व्यवस्था शाखाले सम्पादन गर्ने क्रममा प्रश्नले सोध्न खोजेको मूल आशय र अभिप्राय नै बिगारी दिएको माननीय सदस्यहरूको गुनासो सुनिन्छ । अर्कातर्फ माननीय सदस्यहरूबाट आउने प्रश्नहरू क्लिष्ट, नबुझिने र अनावश्यक भूमिका बाँधिएको प्रतिक्रिया प्रश्न व्यवस्था शाखाको रहेको पाइन्छ । यसका लागि माननीय सदस्यहरूलाई प्रश्न निर्माण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी क्षमता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ । शाखाका कर्मचारीहरूलाई पनि प्रश्न सम्पादन, भाषा संक्षेपीकरण जस्ता प्राविधिक विषयको तालिम दिनुपर्ने देखिन्छ ।

३. **सदस्यहरूमा राष्ट्रिय महत्वका विषयमा भन्दा स–साना खुद्रा विषयमा प्रश्न सोध्ने प्रवृत्ति बढ्नु:** संसद राष्ट्रिय नीति र विषयमा छलफल गरिनुपर्ने थलो हो । देश संघीयताको युगमा प्रवेश गरिसकेको छ । स–साना विषयवस्तुहरू स्थानीय र प्रादेशिक तहमै निपटारा हुनुपर्दछ । केन्द्रीय संसदमा पनि झिना-मसिना विषयले प्राथमिकता पाउँदै गएमा संघीय संसदको गरिमा खस्कन्छ । त्यसैले प्रश्नोत्तर कार्यक्रममा राष्ट्रिय महत्व र जनसरोकारका नीतिगत विषयले प्राथमिकता पाउनुपर्दछ ।

४. **संसद सदस्यको कार्य सम्पादन मूल्याङ्कन पद्धतिको अभावः** संसद सदस्यहरू जननिर्वाचित प्रतिनिधि हुन्, जसलाई जनताले निश्चित अवधिका लागि निर्वाचित गरेका हुन्छन् । संसदीय प्रक्रियामा सक्रिय र प्रभावकारी भूमिका निर्वाह गर्न नसक्ने सदस्यहरूको जनसमर्थन घट्दै गएको परिदृश्य अन्तर्राष्ट्रिय जगतमा देख्न सकिन्छ । तर हाम्रो सन्दर्भमा अलिक भिन्न दृश्य निर्माण भइरहेको छ । आफ्नो निर्वाचन क्षेत्रको विकास निर्माणमा सांसदले कस्तो भूमिका खेलेको छ ? कुन सांसद आफ्ना क्षेत्रमा बढीभन्दा बढी विकास बजेट विनियोजनमा पार्न सफल भएको छ ? सांसदको कार्य मूल्याङ्कनमा यस्ता विषयले अधिकतम प्रभाव पार्न थालेको आभाष हुन्छ । कुन सांसदले बढीभन्दा बढी प्रश्न दर्ता गर्‍यो, कसले बढीभन्दा बढी प्रस्ताव दर्ता गर्‍यो अथवा कानून निर्माणका विभिन्न चरणमा कसले कस्तो योगदान गर्‍यो, संसदीय पद्धति र प्रक्रियामा अधिकतम योगदान गर्दै सरकारका क्रियाकलापहरूको समुचित निगरानी गर्ने कार्यमा कुन सांसदको भूमिका अब्बल रह्यो, राष्ट्रिय नीति र भूमिकामा कसले कति पटक छलफलमा भाग लियो र कति योगदान गर्‍यो भन्ने जस्ता आधारमा सांसदको मूल्याङ्कन गर्ने पद्धतिको सर्वथा अभाव देखिएको छ । सम्बन्धित निर्वाचन क्षेत्रका जनताहरू पनि संसद सदस्यको मूल्याङ्कन गर्ने यस्तो विधिका बारेमा सुसूचित देखिंदैनन् । यसले गर्दा चाहे त्यो कानून निर्माण प्रक्रियामा होस् वा सरकारको निगरानी गर्ने कार्यमा, संसद र समितिका बैठकमा सक्रिय रूपमा भाग लिने र अधिकतम संसदीय औजार प्रयोग गर्ने कार्यमा सांसदहरूको रूचि घट्दै गएको देखिन्छ । यसको प्रत्यक्ष प्रभाव संसदीय प्रश्नोत्तर कार्यक्रममा मात्र नभइ ध्यानाकर्षण, सार्वजनिक महत्वको प्रस्ताव, संकल्प, विधेयकमाथिको संशोधन प्रस्ताव, दफाबार छलफल जस्ता संसदीय औजारहरूको प्रयोग र प्रभावकारितामा समेत परेको देखिन्छ । अतः संसदीय प्रक्रियामा सांसदले निर्वाह गरेको भूमिकाको निरन्तरता, सक्रियता र प्रभावकारिताका आधारमा सांसदको कार्य मूल्याङ्कन गर्ने पद्धति विकास गर्नुपर्ने देखिन्छ । यस सन्दर्भमा संसद वा समितिको बैठकमा अधिकतम सहभागी हुने, विधेयक माथिको सैद्धान्तिक र दफावार छलफलका क्रममा वस्तुनिष्ठ योगदान गर्ने, अधिकतम प्रश्न र प्रस्ताव दर्ता गर्ने जस्ता संसदीय प्रक्रियामा संख्यात्मक र गुणात्मक योगदान पुर्‍याउने सांसदलाई पुरस्कृत गर्ने परिपाटीको स्थापना गर्नुपर्ने बेला भइसकेको छ । यसमा आम सञ्चारकर्मी, नागरिक समाज, बौद्धिक वर्ग लगायत सर्वसाधारण समेत सचेत रहनुपर्ने देखिन्छ ।

## निष्कर्ष

संसदीय प्रश्नोत्तर सरकारका कामकारवाहीका बारेमा सूचना प्राप्त गर्ने, कुनै सार्वजनिक महत्वको दृष्टिकोणले ओझेलमा परेको विषयवस्तुमा सरकारको ध्यानाकर्षण गराउने र सरकारका क्रियाकलापहरूको समुचित निगरानी गर्दै सदैव जनताप्रति जवाफदेही बनाउने महत्वपूर्ण संसदीय औजार हो । प्रश्नोत्तर कार्यक्रममा संसदका सदस्यहरूको सहभागिता हेर्दा यसको गरिमा र महत्व घट्दै गएको हो कि भन्ने भान हुन थालेको छ । प्रश्नोत्तर कार्यक्रमलाई मजबुत र गरिमामय बनाउने उद्देश्यले विद्यमान प्रतिनिधि सभा नियमावली, २०७५ मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्न सोध्न सकिने

प्रावधान प्रत्यारोपण गरिएको भए तापनि संघीय संसदले चारवटा अधिवेशन पार गरिसक्दा पनि जम्मा एकपटक मात्र यसको अभ्यास गर्न सकिएको यथार्थले यसको महत्व र औचित्यलाई कमजोर बनाइदिएको देखिन्छ ।

संसद राष्ट्रिय नीति, कानून तथा देश र जनहितका विषयमा घनीभूत छलफल हुनुपर्ने थलो हो । यसले सरकारका कामकारवाहीहरूको वस्तुनिष्ठ ढंगले निरन्तर निगरानी गरी जनताको चाहना र भावनाप्रति जवाफदेही तुल्याउने कार्य गर्नुपर्दछ । यसका लागि प्रश्न र प्रस्ताव जस्ता महत्वपूर्ण संसदीय औजारहरूको महत्तम परिचालन हुनुपर्दछ । आफ्नो निर्वाचन क्षेत्रमा कसले कति बजेट पार्‍यो भन्ने विषयले भन्दा पनि यस्ता संसदीय औजारहरू कसले कति प्रयोग गर्‍यो र कानून निर्माण तथा सरकारको निगरानी गर्ने कार्यमा कति योगदान पुर्‍यायो भन्ने आधारमा संसद सदस्यले खेलेको भूमिकाको मूल्याङ्कन गर्ने परिपाटी विकास गर्नु जरूरी भइसकेको देखिन्छ । प्रश्नोत्तर, प्रस्ताव जस्ता संसदीय उपकरणहरूको मस्यौदा र प्रयोग गर्ने सीपका विषयमा सांसदको क्षमता वृद्धि गरी संसदीय प्रक्रियामा योगदान पुर्‍याउन उत्प्रेरित गर्नु त्यतिकै आवश्यक देखिन्छ । साथै संसदीय कार्य प्रक्रियासँग जोडिएका सचिवालयका कर्मचारीहरूको क्षमतामा बढोत्तरी गर्न कानून मस्यौदा, संशोधन मस्यौदा, प्रश्न सम्पादन, प्रस्ताव, प्रत्यायोजित व्यवस्थापन जस्ता विषयका अध्ययन र तालिमको आवश्यकता खड्किएको पाइन्छ ।

संसदीय प्रक्रिया र कार्यमा संसद सदस्यको बाक्लो उपस्थिति तथा वस्तुगत योगदानबाट मात्र संसदको भूमिका मजबुत हुन्छ । संसदको भूमिकाको प्रभावकारिताले मात्र संसदीय पद्धति र लोकतान्त्रिक परिपाटीलाई संस्थागत गर्न सक्दछ । तसर्थ प्रश्नोत्तर कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गरी जनताका तर्फबाट सरकारका कामकारवाहीको निगरानी गर्ने महत्वपूर्ण संसदीय हतियारका रूपमा विकसित गर्नुको विकल्प देखिंदैन ।

**सन्दर्भ सामग्री**

१. नेपालको संविधान।
२. प्रतिनिधि सभा नियमावली, २०७५ ।
३. राष्ट्रिय सभा नियमावली, २०७५ ।
४. प्रतिनिधि सभा नियमावली, २०१६ ।
५. संविधान सभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०७० ।
६. व्यवस्थापिका-संसद नियमावली, २०७३ ।
७. The Constitution Act, 1867, Canada
८. Parliament Act, 1949, UK
९. Rules and Regulations of Lok Sabha, India